# नीतिगत निर्णयहरु

१ आर्थिक बर्ष २०७७/०७८ को लागि कार्यपालिकाबाट प्रस्तुत नीति, कार्यक्रम  तथा बजेट, जयपृथ्वी नगरपालिकाको आर्थिक ऐन, २०७७०७८ र विनियोजन ऐन, २०७७ स्वीकृत गरियो ।

२ लकडाउन (बन्दाबन्दी) घोषणा भए देखि यस आर्थिक बर्षको अन्त्य सम्म क्वारेन्टाइन व्यबस्थापन, औषधी उपचार, राहात वितरण, विकास निर्माणका कार्य तथा कार्यालयको कामकाजमा खटिएका जनशक्ति/कर्मचारीहरुलाइ कामको आधारमा उचित मुल्याङ्कन गरी कोरोना भाइरस (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ बमोजिम खाइपाइ आएको तलबको न्युनतम १० प्रतिसत देखि अधिकतम १०० प्रतिसत सम्म जोखिम भत्ता यसै आर्थिक बर्षमा कोरोना कोष बाट उपलब्ध गराउने निर्णय गरियो ।

३ मदिराको व्यवस्थित प्रयोग र नियन्त्रण गरि सुरक्षित र स्वस्थ समाजको निर्माण गर्न र जाँड रक्सि सेवनका कारण जिल्लामा घटीत अपराधहरु तथा बलात्कार जन्य घटनालाई निरुत्साहन गर्न सरोकारवाला निकायहरु स्थानीय प्रशासन, आमा समुह, युवा क्लव, सञ्चार माध्यमहरु संग प्रभावकारी अन्तरक्रिया र समन्वय गर्ने गरी मदिरा सेवन नियन्त्रण तथा नियमन गर्ने निर्णय गरियो ।

४ सुरक्षित शहरको अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्न नगर क्षेत्रमा भवन आचारसंहिता, २०७२ कडाईका साथ लागु गर्ने निर्णय गरियो ।

५ उन्नत पशुको आयातमा जोड दिई स्थानीय पशु प्रजातीको संरक्षण गरि दुग्ध र मासु जन्य उत्पादनमा जोड दिईने र पशु बीमा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

६ जयपृथ्वी नगरपालिको विपद तथा जलवायु जन्य जोखिम पार्श्वचित्र स्वीकृत गर्ने निर्णय गरियो ।

७ कृषकलाई वाली तथा पशु बीमा तर्फ उन्मुख गराउने निर्णय गरियो ।

८ स्थानीय स्तरमा कृषि उद्योग स्थापनामा जोड दिने निर्णय गरियो ।

९ यस नगरपालिकामा ओद्यौगिक क्षेत्र स्थापना सम्भाव्यता उद्योग संचालनका लागि आवश्यक थप अध्ययन अनुसन्धान गर्ने निर्णय गरियो ।

१० नगर क्षेत्रमा संचालित व्यावसायिक फर्म दर्ता, नविकरण कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

११ सार्वजनिक, नीजि, साझेदारी तथा सहकारी संगको सहकार्यमा जोड दिने निर्णय गरियो ।

१२ स्थानीय धार्मिक स्थलको सम्बर्द्धन गर्ने निर्णय गरियो ।

१३ ऐतिहाँसिक धार्मिक स्थल, मठमन्दिर, कला संस्कृतीको संरक्षण र प्रचार प्रसारमा जोड दिने निर्णय गरियो ।

१४ आर्थिक बर्ष २०७५।०७६ सम्मको अन्तिम लेखा परिक्षणबाट औंल्याइएका बेरुजु समपरिक्षण गर्न गराउन बेरुजु फछ्र्यौट कार्य योजना बनाई बेरुजुलाई शुन्यान्तर गर्न निर्देशन दिने निर्णय गरियो ।

१५ आर्थिक बर्ष २०७६।०७७ मा संचालन भएका आयोजाना तथा कार्यक्रम र रकमन्तर गरिएका कार्यक्रमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१६ जयपृथ्वी नगरपालिकाको न्यायिक साखालाइ व्यबस्थीत गर्न र समितिका पदाधिकारीहरुको क्षमता विकासका लागी नगरसभाले विनियोजन गरेको बजेट लाइ प्रभाबकारी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१७ यस जयपृथ्वी नगरपालिकाको क्षेत्र भित्र संचालित साना ठुला सबै किसिमका विकास निर्माणका योजनाहरुमा प्रयोग हुने ढुंगा, गिट्टी, बालुवा तथा नदिजन्य पदार्थको विवरण लिई वि.ओ.क्यू.का आधारमा कर असुली गर्ने निर्णय गरियो । सथै ढुंगा, गिट्टी, बालुवा तथा नदिजन्य पदार्थबाट संकलन

गरेको करको मध्य नगरपालिकाले पाउने रकमको २५ प्रतिशत रकम सम्बन्धित वडाको नदिजन्य पदाथ प्रर्बधन कार्यका लागि विनियोजन गर्ने निर्णय गरियो ।

१८ जयपृथ्वी नगरपालिका भित्र भवन निर्माणका लागि भवन आचासंहिता २०७२, ८० वर्ग मिटर भन्दा बढी जग्गामा मात्र भवन निर्माण गर्न पाइने भएकोले ८० बर्ग मिटर भन्दा काम जग्गा घडेरीको प्रयोजनका लागि घर जग्गा पास गर्न अनुमती नदिने तथा अंश बन्डाबाट कित्ताकाट भई आएमा ८० वर्ग मिटर भन्दा कम जग्गा भएपनि भवन निर्माण गर्न अनुमति दिने निर्णय गरियो

१९ यस नगरपालिकाको कार्यालयमा निरन्तर कामकाज गर्दै आइरहेका कर्मचारीहरुको सेवा करारलाई निरन्तरता दिने निर्णय गरियो ।

२० यस कार्यालयमा कार्यरत अस्थायी कर्मचारीहरुको नियुक्तिलाई निरन्तरता दिने निर्णय गरियो ।

२१ यस नगरपालिका क्षेत्रमा नयाँ स्थापना हुने वित्तिय संस्थाहरु नगरपालिकामा दर्ता हुन र क्षेत्र विस्तार गर्न नगरपालिकाको स्वीकृती लिनु पर्ने निर्णय गरियो ।

२२ नगर क्षेत्र भित्र निर्माणाधिन अवस्थामा रहेका ठुला योजना (पानकोट पुल, देवल हवाई मार्ग, चैनपुर शहरी खानेपानी आयोजना, मुल सडक निर्माण मर्मत तथा विस्तार (हालको बन्दाबन्दीको कारणले प्रभावित भएको हुदा उक्त योजनाहरु यथासक्य सुचारु र सम्मपन्न गराउन सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

२३ नगरसभा लागयत अन्य बैठकहरुमा कर्मचारीहरुले विहान वेलुकी समेत खटी काम गर्नु पर्ने भएकोले खटीने कर्मचारीहरुलाई खाना खर्च बाफत रकम उपलब्ध गराउने निर्णय गरियो ।

२४ विश्वमा फैलि रहेको महामारी कोभिड १९ बाट बच्न र बचाउन सबै नगरबासीमा सजकताका लागि अनुरोध गर्ने र नगरपालिकाले आफुले गर्ने कर्य र प्रयासहरुमा अझै सक्रियता बढाउने निर्णय गरियो ।